# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १०७ | काठमाडौं | शुक्रबार, २३ साउन २०८२ | Prabhab National Daily | Friday, 08 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## भारतको उत्तराखण्ड बाढीमा १७ नेपाली बेपत्ता

### भारतमा मजदुरी गर्न गएका जाजरकोटका १३ जना र बर्दियाका चार जना सम्पर्कविहीन

**काठमाडौं (प्रस)–** भारतको उत्तराखण्ड राज्यअन्तर्गत उत्तरकाशीको हर्सिल क्षेत्रमा मंगलबार दिउँसो आएको बाढीमा परेर १७ जना नेपाली नागरिक बेपत्ता भएको खुलेको छ । बेपत्ता हुनेमा जाजरकोटकाको कुशे गाउँपालिका–२ का १३ जना र बर्दियाका चार जना रहेका बताइएको छ ।

जाजरकोटको कुशे गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले बिहीबार एक विज्ञप्ति जारी गर्दै भारतमा मजदुरी गर्न गएका स्थानीय बासिन्दा बाढीपछि सम्पर्कमा नआएको जानकारी दिएका हुन् । उनले भने, 'बाढीपछि बेपत्ता भएकाहरू हालसम्म सम्पर्कमा आएका छैनन्, उनीहरूसित सम्पर्क हुन नसकेको परिवारजनले बताएका छन् ।'

बेपत्ताको खोजी गरिदिन गाउँपालिकाका अध्यक्ष बस्नेतले परराष्ट्र मन्त्रालयसँग अनुरोध गरे । सोही क्षेत्रमा मजदुरी गर्दै आएका कुशे गाउँपालिकाका अन्य वडाका बासिन्दा पनि सम्पर्कमा नरहेको अध्यक्ष बस्नेतले बताए ।

जाजरकोटका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीले बाढीमा परेर स्थानीय केही व्यक्ति बेपत्ता भएको कुशे गाउँपालिकाले जानकारी दिएको बताए । 'जिल्लाका सबै स्थानीय तह र त्यहाँ रहेका प्रहरी चौकीलाई पत्राचार गरेर हर्सिल क्षेत्रमा काम गर्न गएका जाजरकोटबासीको नाम संकलन गर्न निर्देशन दिएको छु । गृह मन्त्रालयमासमेत सोहीअनुसारको जानकारी गराएको छु,' उनले भने ।

**विश्व समुदायलाई प्रधानमन्त्रीको आग्रह**

## हिमनदी पग्लने क्रम रोक्न मिलेर काम गरौं

हिमालका आवाजहरु पग्लने बरफमुनि मरेर नजाओस् । हिमालको रक्षाका लागि सँगै काम गर्न, नेतृत्व गर्न र साझेदारी गर्न नेपाल तयार छ । हाम्रा कदमले जलवायु न्यायमा काम गर्न विश्व समुदायलाई प्रेरित गर्न सकोस् ।

**केपी शर्मा ओली**
प्रधानमन्त्री




**तुर्कमेनिस्तान–** प्रधानमन्त्री केपी शर्मा ओलीले हिमनदी पग्लने गतिलाई कम गर्न सँगै मिलेर काम गर्न विश्व समुदायलाई आग्रह गरेका छन् । हिमनदी पग्लँदा भूपरिवेष्ठित विकासशील राष्ट्रहरूलाई पार्ने जलवायु परिवर्तनको असरसम्बन्धी 'साइड इभेन्ट'लाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ठोस कार्यहरूद्वारा हाम्रा हिमालयलाई बचाउन सकिने बताए ।

'हिमालका आवाजहरू पग्लने बरफमुनि मरेर नजाओस् । हिमालको रक्षाका लागि सँगै काम गर्न, नेतृत्व गर्न र साझेदारी गर्न नेपाल तयार छ ।

क्रमशः पृष्ठ २ मा

# सत्तारुढ दल पनि स्वमूल्यांकनको विपक्षमा

### निर्वाचन आयोगले संसद्को क्षेत्राधिकार अतिक्रमण गरेको ठहर

- स्वमूल्यांकन दलको आन्तरिक मामिला भएको र दलीय मूल्यांकन जनादेशमार्फत जनताले गर्ने दलहरुको दाबी
- कार्यविधि बनाएर निर्वाचन आयोगले संघीय संसद्को क्षेत्राधिकार अतिक्रमण गरेको ठहर
- सत्तारूढ र विपक्षी दलहरुद्वारा कार्यविधिप्रति गम्भीर असहमति प्रकट गर्दै अस्वीकार

**जेबी योञ्जन**

**काठमाडौं–** राजनीतिक दलहरूले 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि २०८२' अस्वीकार गरेका छन् । कार्यविधि संविधान र राजनीतिक दलसम्बन्धी ऐनको मर्मविपरीत रहेको दलहरूको ठहर छ ।

कार्यविधिको मस्यौदा निर्वाचन आयोगले यही ८ साउनमा तयार गरेको थियो । सोही मस्यौदा पठाएर सुझाव मागेकोमा दलहरूले गम्भीर असहमति प्रकट गरेका हुन् । आयोगले संघीय कानुनको दुरूपयोग गरेको भन्दै विरोध जनाएका छन् । दलहरूका अनुसार प्रत्यायोजित विधायनको नाममा छुट्टै ऐनजस्तै कानुन मस्यौदा गरेर आयोगले संघीय संसद्को क्षेत्राधिकार अतिक्रमण गरेको छ ।

आयोगले भने राजनीतिक दलको आन्तरिक कार्यविधिलाई व्यवस्थित गर्दै कामकारबाहीलाई पारदर्शी र जिम्मेवार बनाउन स्वमूल्यांकन कार्यविधि २०८२ बनाएको बताएको थियो । दलहरूलेचाहिँ स्वमूल्याकंन दलको आन्तरिक मामिला भएको प्रस्ट पारेका छन् । चुनावमा जनादेश प्रकट गरी जनताले दलहरूको मूल्यांकन गर्ने दलहरूको दाबी छ । त्यही भएर 'राजनीतिक दल स्वमूल्यांकन कार्यविधि-२०८२'लाई दलहरूले अस्वीकार गरेका हुन् ।

प्रमुख सत्ताघटक नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कार्यविधिप्रति कांग्रेसको सतप्रतिशत असहमति रहेको बताएका छन् । उनले दलहरूको कामलाई एक जना कर्मचारीले कार्यविधि बनाएर भन्दा पनि संविधानले नियमन गर्ने बताए ।

क्रमशः पृष्ठ २ मा



दलहरुले ठीक कि बेठीक गर्दै छन् भन्ने संविधानले नियमन गर्ने कुरा हो । जनताले मूल्यांकन गर्ने कुरा हो तर एक जना कर्मचारीले कार्यविधि बनाएर मूल्यांकन गराउने र नियमन गर्ने होइन, यसमा कांग्रेसको सतप्रतिशत विमति रहन्छ ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस

दल गठन, दर्ता र यसको सञ्चालनसम्बन्धी स्वायत्तता र स्वतन्त्रता संविधानबमोजिम हुन्छ र दल स्वनियमनमा चल्छ, दलको मूल्यांकन जनताले जनादेशमार्फत गर्छन् र स्वमूल्यांकन दलकै आन्तरिक विषय हुनाले एमालेले राजनीतिक दल स्वमूल्यांकन कार्यविधिप्रति असहमति प्रकट गर्छ ।

**निरज आचार्य**
निर्वाचन विभाग प्रमुख, एमाले

हामीले निर्वाचन आयोगमा कार्यविधिबारे हाम्रो (प्रतिपक्षी दलहरुको) असहमति विज्ञप्ति बुझाएर जाहेर गर्‍यौं । त्यो कार्यविधि कांग्रेस र एमालेको वर्चश्व कायम गर्ने मनसायले आयोगले ल्याएको भन्ने हाम्रो बुझाइ छ र त्यो अस्वीकार छ, फिर्ता लिनुहोस् भन्यौं ।

**राजेन्द्र पाण्डे**
वरिष्ठ उपाध्यक्ष, एकीकृत समाजवादी

### कार्यविधिमा के छ ?

निर्वाचन आयोगले तयार गरेको राजनीतिक दल स्वमूल्यांकन कार्यविधिको मस्यौदामा दलहरूको मूल्यांकनका लागि विभिन्न सूचक र अंकभार प्रस्ताव गरिएको छ । मस्यौदामा संगठनात्मक संरचनाका लागि आठ, आन्तरिक व्यवस्थापनका लागि २२, तथा दलको जिम्मेवारीका लागि १५ अंकभार प्रस्तावित छ । लैंगिक तथा समावेशी व्यवस्थाका लागि १० अंक, कोष व्यवस्थापन र लेखापरीक्षणका लागि २० अंक, निर्वाचनमा सहभागिता र प्रतिनिधित्वका

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदीमा सम्झौता सकिएका श्रमिकलाई फरार सूचीमा राख्नुअघि ६० दिनको समय

- श्रमिकको सम्झौता समाप्त भएपछि अन्योल सिर्जना हुने गरेकोमा यो नियमले श्रमिक र रोजगारदाता दुवैलाई सम्झौतापछिको अवधिमा के गर्ने भनेर स्पष्ट र निष्पक्ष बाटो देखाउने साउदीको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयको विश्वास

**प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरेबियाले त्यहाँ रहेका आप्रवासी श्रमिकलाई फरार सूचीमा राख्नुअघि आफ्नो स्थिति समायोजन गर्न ६० दिनको समय दिएको छ । त्यहाँको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयले ल्याएको नयाँ नियमअनुसार प्रवासी कामदारको करार अवधि सकिएपछि के गर्ने भन्ने निर्णय लिन दुई महिनाको समय दिइएको हो ।

साउदीले आफ्नो 'किवा प्लेटफर्म'मा घोषणा गरेको नयाँ नीति गत जुलाई ३१ तारिखबाट कार्यान्वयनमा आएको हो । मानव संसाधन मन्त्रालय र गृह मन्त्रालयसँग जोडिएको किवा प्लेटफर्ममार्फत अनुग्रह अवधि डिजिटलरूपमा व्यवस्थित गरिने भनिएको छ । यो प्रावधानलाई साउदीमा श्रम सम्बन्धलाई औपचारिक बनाउने व्यापक कदमको रूपमा लिइएको छ ।

विगतमा रोजगारदाताहरूले सम्झौता समाप्त भएपछि कामदारलाई तुरुन्तै अनुपस्थितको रूपमा चिह्न लगाउने गर्थे । अब भने उनीहरूले दुई महिना पर्खनुपर्ने छ । यो प्रणालीअन्तर्गत रोजगारदाताले कामदारको बसोबास अनुमतिपत्र (इकामा)मा कम्तीमा ६० दिनका लागि मान्य भएमा र कर्मचारीसँग अब सक्रिय सम्झौता नभएमा मात्र फरार रिपोर्ट दर्ता गर्न सक्छ ।

श्रमिकको सम्झौता समाप्त भएपछि अन्योल सिर्जना हुने गरेकोमा यो नियमले श्रमिक र रोजगारदाता दुवैलाई सम्झौतापछिको अवधिमा के गर्ने भनेर स्पष्ट र निष्पक्ष बाटो देखाउने मन्त्रालयले विश्वास राखेको छ । यदि कामदारको इकामा पूरै अवधिका लागि मान्य छ भनेमात्र यो नियम लागू हुने जनाइएको छ । यदि इकामा ६० दिनभन्दा कम समयमा समाप्त हुने तय गरिएको छ भने यो सुविधा प्रयोग गर्न नसकिने जनाइएको छ ।

किवा, साउदी अरेबियाको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयद्वारा व्यवसायीहरूका लागि रोजगारी र श्रमशक्ति व्यवस्थापनलाई सुव्यवस्थित गर्न विकसित गरिएको एक डिजिटल प्लेटफर्म हो ।

क्रमशः पृष्ठ २ मा




### अनुग्रह अवधिमा कामदारले के गर्न सक्छन् ?

यो अवधिमा श्रमिकहरूलाई पुरानै रोजगारदाताले बोलाएको खण्डमा उनीहरू पुनः उक्त काममा जोडिन सक्छन् । नबोलाएमा भने किवा प्लेटफर्मको प्रयोग गरेर आफ्नो अनुकूलको अर्को कम्पनीमा जान सक्छन् । अथवा कानुनी प्रक्रिया पूरा गरेर साउदी छोड्न सक्छन् ।

यदि ६० दिनभित्र कुनै प्रक्रिया अघि नबढे प्रणालीले स्वचालितरूपमा ती श्रमिकलाई कामबाट अनुपस्थित भनिने उल्लेख गरिएको छ । त्यस्ता श्रमिकलाई स्वत:रोजगारदाताको रेकर्डबाट हटाइने छ ।

क्रमशः पृष्ठ २ मा




# ‘नागरिकताको मुद्दामा मानिँदैन सर्वोच्चको फैसलालाई नजिर’

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतबाट नागरिकता प्राप्तिसम्बन्धी भएको फैसलालाई नागरिकता बनाउने निकायले नजिरका रूपमा नमान्ने गरेको पाइएको छ ।

महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) को सहकार्यमा सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयद्वारा ‘नागरिकतासम्बन्धी मुद्दाको फैसला कार्यान्वयनको अवस्था र चुनौती’ विषयमा भएको छलफल कार्यक्रममा यस्ता मुद्दा व्यक्तिकरण हुने भएकाले नजिरका रूपमा स्थापित नहुने गरेको पाइएको हो । सो कार्यक्रमका सहभागीले सर्वोच्च अदालतबाट गरेको फैसला केबल एउटा व्यक्तिका लागिमात्रै लागू हुने तर नजिरका रूपमा अन्य व्यक्तिलाई लागू नहुने गरेको बताए ।

नागरिकता मुद्दामा ११ वर्षपछि सर्वोच्च अदालतले फैसला गरेको दुई वर्ष बितिसक्दा पनि कार्यान्वयन नभएको छलफलमा सहभागी कुमार जोशीले बताए । आफू सडक बालक भएको उल्लेख गर्दै उनले सर्वोच्च अदालतले काठमाडौं जिल्ला प्रशासनलाई नागरिकता दिनु भन्ने फैसला गरेको बताए । उनले भने, ‘तर कागजात ललितपुरको भएकाले अहिलेसम्म नागरिकता प्राप्त गर्न सकेको छैन ।’

सर्वोच्च अदालतका रजिस्ट्रार भद्रकाली पोखरेलले सर्वोच्च अदालतले नागरिकता मुद्दालाई उच्च प्राथमिकतामा राखेको र पीडितले न्याय पाउनका लागि फैसला कार्यान्वयन गर्न निर्देशनालयले सहजीकरण गर्ने बताए । सर्वोच्च अदालतका अर्का रजिस्ट्रार मानबहादुर कार्कीले फैसला कार्यान्वयन आपसी समन्वयमा समाधान खोज्नुपर्ने र अमेरिकामा सर्वोच्च अदालतको फैसला कानुनसरह हुने उदाहरण प्रस्तुत गर्दै नेपालमा ऐन, कानुनको उल्झन देखाएर फैसला कार्यान्वयन नभएको प्रस्ट पारे ।

‘सर्वोच्चको फैसला देशको मूल कानुन संविधानमा आधारित रहेर आउछ,’ उनले भने, ‘त्यो अक्षरशः कार्यान्वयन हुनुपर्छ, कार्यान्वयनमा कानुनी अड्चन देखाउन मिल्दैन ।’

सर्वोच्च अदालतका फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहले फैसला कार्यान्वयन निकाय र सर्वोच्चको फैसलाबीच निर्देशनालयले पुलको काम गर्ने बताए । उनले व्यक्तिलाई राज्यविहीन बनाउन नहुने मान्यतामा अदालतबाट फैसला हुने सोहीअनुरूप कार्यान्वयन गर्न आवश्यक रहेको बताए । फैसला कार्यान्वयन निर्देशनालयका निर्देशक जनकप्रसाद शर्माले नागरिकताको विगत, वर्तमान, अन्य देशको अभ्यास र सर्वोच्च अदालतले नागरिकतासम्बन्धी गरेको फैसलाबारे प्रस्तुति दिएका थिए । प्रस्तुतिमा सर्वोच्च अदालतमा नागरिकताका विषयमा राम्रो फैसला भएको र कार्यान्वयनमा ध्यान दिन जरुरी भएको उल्लेख छ ।

सहन्यायाधिवक्ता ईश्वरीप्रसाद ढकालले संविधान हेरेर फैसला आउने भएकाले कानुन र नियमावली हेरेर नअल्झिन सुझाव दिए । उनले प्रक्रिया पूरा गर्न, अनुसूचीको फर्म संशोधन गर्न र स्थानीय निकायका पदाधिकारी ‘सेन्सटाइज’ गरेर भए पनि नागरिकता मुद्दामा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्यालले कानुनमा निरन्तर सुधार गर्नुपर्ने र संविधानतः सर्वोच्चको फैसला कानुन तथा ऐनमा समन्वय गर्दा सबै किसिमका समस्या समाधान हुने स्पष्ट पारे । भक्तपुर र काठमाडौं जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले सर्वोच्च अदालतको फैसला क्षेत्रअधिकारभन्दा बाहिर गएर फैसला गरेकाले कार्यान्वयनमा समस्या रहेको बताए ।

भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी भण्डारीले प्रक्रिया पूरा भएकालाई नागरिकता प्रमाणपत्र जारी गर्न कुनै समस्या नरहेको बताए । काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी पूर्णप्रसाद भट्टराईले स्थानीय तहसँग समन्वय गरेर धेरै समस्या समाधान गरेको प्रस्ट पारे ।


## कुवेतमा महिलाहरूको लागि रोजगारको शुवर्ण अवसर

कम्पनी : NOHA DAY CARE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | पून: विज्ञापन स्वीकृति मिति : २०८२/०४/२२ | LT. No. 312830 | चलानी नं. ६०२२७३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Teacher | 0 | 24 | 180 | ८२,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३० गते (15th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५


## माओवादी अध्यक्ष दाहालको दाबी–
# सरकारले नै शिक्षा विधेयक अड्कायो

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले विद्यालय शिक्षा विधेयक वर्तमान सरकारले नै अड्काएको आरोप लगाएका छन् । राष्ट्रिय सभागृहमा बिहीबार माओवादी केन्द्रनिकट अखिल (क्रान्तिकारी)ले आयोजना गरेको शैक्षिक संवाद कार्यक्रममा अध्यक्ष दाहालले सुरुमा एमाले र कांग्रेसकै कारण विधेयक आउनै ढिला भएको बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष दाहालले विद्यार्थीका लिखित प्रश्नको जवाफ दिने क्रममा संसद्बाट विद्यालय शिक्षा विधेयक पारित भएका खण्डमा र उच्चस्तरीय शिक्षा सुधार आयोगका सुझाव कार्यान्वयन गरेका खण्डमा वर्तमान शिक्षाका समस्या धेरै हल हुने पनि बताए । अध्यक्ष दाहालले आफू नेतृत्वको सरकार हुँदा विश्वविद्यालयमा हुने राजनीतिक भर्ती केन्द्रलाई तोडेर मेरिटोक्रेसिमा नियुक्तिको थालनी गरेको बताए ।

उनले भने, ‘शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो, शिक्षामा सुधार नगरी अन्य क्षेत्रमा सुधार गर्न सकिँदैन, त्यसकारण अब अर्को क्रान्ति चाहिएको छ भनेर मैले भनेको हो, त्यो क्रान्ति सशस्त्र क्रान्ति भनेको होइन ।’ उनले शिक्षामा आमुल परिवर्तनका लागि सामूहिक संकल्प र प्रतिबद्धताको खाँचो रहेको बताए ।


## साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT 202

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | LT. No. 328645 | चलानी नं. ६०२४२५३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Crew | 2 | 0 | 1200 | ४४,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३० गते (15th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम ईजाजत नं. ७९४/०६५/०६६

## युएइमा रोजगार

कम्पनी : A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/२२ | LT. No. 319646 | चलानी नं. ६०२३३८७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 50 | 800 | ३०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners Male | 138 | 0 | 800 | ३०,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३० गते (15th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com


## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २३ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय खोलेसिमलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा तथा फ्लेक्जी व्यवसायीक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **होटल ब्लु स्काई** प्रोप्राईटरको नाम : राम नाथ लम्साल प्रा.फ.द.नं. : ७६४/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश भरतपुर, चितवन
दर्ता मिति : २०७७/०९/०३
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१४६११२३२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) यदु कुमार लम्सालको नाति बैकुण्ठनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **रामनाथ लम्साल** (ना.प्र.नं. : ४६५४/०४४ जारी मिति र जिल्ला : २०५७/१०/१८, चितवन)

२) खडानन्द लम्सालको नाति यदु कुमार लम्सालको छोरा चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **बैकुण्ठनाथ लम्साल** (ना.प्र.नं. : ९६० जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

३) दामोदर न्यौपानेको छोरी बैकुण्ठनाथ लम्सालको बुहारी रामनाथ लम्सालको पत्नी चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुनिता लम्साल** (ना.प्र.नं. : ३५३०२०/९५५ जारी मिति र जिल्ला : २०६३/१०/१३, चितवन)

४) एक दत्त खनालको छोरी यदु कुमार लम्सालको बुहारी बैकुण्ठनाथ लम्सालको पत्नी चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **योग माया लम्साल** (ना.प्र.नं. : २०१७ जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

५) बैकुण्ठनाथ लम्सालको नाति रामनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुराग लम्साल** (ना.प्र.नं. : ३५-०१-७५-०४७५८ जारी मिति र जिल्ला : २०७५/०४/०१, चितवन)

**ख) कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा तथा मोर्टगेज आवधिक कर्जा**

**ऋणीको विवरण**

यदु कुमार लम्सालको नाति बैकुण्ठनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **रामनाथ लम्साल** (ना.प्र.नं. : ४६५४/०४४ जारी मिति र जिल्ला : २०५७/१०/१८, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) खडानन्द लम्सालको नाति यदु कुमार लम्सालको छोरा चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **बैकुण्ठनाथ लम्साल** (ना.प्र.नं. : ९६० जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

२) दामोदर न्यौपानेको छोरी बैकुण्ठनाथ लम्सालको बुहारी रामनाथ लम्सालको पत्नी चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुनिता लम्साल** (ना.प्र.नं. : ३५३०२०/९५५ जारी मिति र जिल्ला : २०६३/१०/१३, चितवन)

३) एक दत्त खनालको छोरी यदु कुमार लम्सालको बुहारी बैकुण्ठनाथ लम्सालको पत्नी चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **योग माया लम्साल** (ना.प्र.नं. : २०१७ जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

४) बैकुण्ठनाथ लम्सालको नाति रामनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुराग लम्साल** (ना.प्र.नं. : ३५-०१-७५-०४७५८ जारी मिति र जिल्ला : २०७५/०४/०१, चितवन)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८०/११/१७ तथा २०८१/१२/१४ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८२/०२/०५ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| योग माया लम्साल | चितवन जिल्ला देवौली वडा नं. ३ | ३क | ३०३ | ०-८-११-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/१२ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय खोलेसिमल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/१३ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय खोलेसिमलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## Suryagadhi Rural Municipality
# Office of Rural Municipal Executive
### Bagmati Province,
### Nuwakot, Nepal

## Invitation for Electronic Bids

**Date of Publication:- 08-08-2025**
**Last Date of Bid Submission: 07-09-2025**
**Single Stage One Envelope Bidding**

1. The Suryagadhi Rural Municipality office Nuwakot invites electronic bids from the eligible bidders for the following works under National Competitive bidding procedures specified in public procurement act and regulations. The name and identification of the contract are as follows.

| S. N. | Contract ID No. | Description of work | Minimun Revenue Exclusive of VAT(NRs) | Bid Security NRs. | Bid Document Fee(NRs) |
|---|---|---|---|---|---|
| 1 | SRM/TKGBU/ 082/83/01 | Tadi khola gitti, baluwa, dhunga, roda ra nadijanya saman utkhanan tatha bikri bitaran | Rs.10,67,031.08 | 30,000.00 | 3000/- |
| 2 | SRM/FKGBDRU/ 082/83/02 | Falakhu khola giti, baluwa, dhunga, roda tatha nadijanya saman uthkhanan ra bikri bitaran | Rs. 8,43,155.74 | 25,000.00 | 3000/- |

2. Bank Details to deposit the fee for Bidding document and Bid security

| Name of Office: Suryagadhi Rural Municipality, Nuwakot, Nepal<br>Name of the Bank: Nepal Investment Bank Limited. Chokade Branch, Nuwakot, Nepal | Revenue Account Name and Number: Antarik Rajaswo Khata Alc no.: 06801400250061 | Rajaswa (revenue) Shirshak no: 14229 | Security Account Name and Number: Dharauti Khata: 06801040251501 | Office Code Number: 801032912 |
|---|---|---|---|---|

3. Eligible Bidders may obtain further information at the office of Suryagadhi Rural Municipality, Nuwakot, Telephone No:-080-680042 Or may visit PPMO e-GP System www.bolpatra.gov. np/egp.
4. Bidder have only option to submit their bid electronically may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Proj ect's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
5. Bidders must submit rajaswa voucher with Tender number for bid document fee, others alternatives will be rejected.
6. Any minor errors in bid response document will not be acceptable.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## अभिमुखीकरण तालिममा बेथिति

वैदेशिक रोजगार विभाग र पूर्वप्रस्थान अभिमुखीकरण तालिमप्रदायक संस्थाका सञ्चालकहरूबीच फेरि आरोप–प्रत्यारोप चलेको छ । वैदेशिक रोजगारीमा जानुअघि दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रभावकारी नभएको भन्दै विभागले अनुगमन थालेसँगै दुवैपक्षबाट एकअर्काप्रति आरोप लगाउन तल्लीन देखिएका हुन् । व्यवसायीहरू आफूहरूले तालिमलाई प्रभावकारी बनाउन भनेर साधन स्रोत, जनशक्तिलगायतका आवश्यक पूर्वाधार थप्दा पनि सरकारी संयन्त्रको लापरवाहीले राम्रो नतिजा नआएको दाबी गरिरहेका छन् । विभागले भने अभिमुखीकरण तालिमप्रदायक व्यवसायीहरूमा नपढाएरै संख्या देखाउन पाए हुन्थ्यो भन्ने मानसिकता र अस्वस्थ प्रतिस्पर्धा रहेको बताएको छ ।

त्यसो त यो क्षेत्रमा यस्तो विवाद नयाँ होइन । तालिम दिने संस्थाहरूले न प्रभावकारी तालिम दिन्छ न विभागले प्रभावकारी अनुमगन नै । दुवै पक्षको कमजोरी कोभन्दा को कमको अवस्थामा रहेको प्रस्टै देखिन्छ । विभागले अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन भन्दै समय–समयमा विभिन्न नियमहरू परिमार्जन र थप गर्दै आएको छ । तर, कार्यान्वयनमा भने सधैं कमजोरी रहँदै आएको छ ।

व्यवसायीहरूले कक्षामा सहभागी नगराई तालिमको प्रमाणपत्र उपलब्ध गराउने विकृति अझै कायम रहेको देखिन्छ । विभागले यस्तो प्रवृत्ति रोक्न भन्दै गएको आर्थिक वर्षबाट ‘आइरिस’ प्रणालीसमेत कार्यान्वयनमा ल्याएको थियो । उक्त प्रणाली लागू भए पनि तालिमप्रदायकहरूबाट छल्ने काम गर्दै आएको पाइन्छ । तालिममा सहभागीलाई बिहान हाजिर गराएर पठाउने र तालिम सम्पन्न हुने समयमा पुनः हाजिरका लागि उपस्थित गराउने गरेकोसमेत भेटिन्छ । तर, विभागको अनुगमनबाट यस्ता व्यवसायीलाई कारबाही गरेको विरलै हुन्छ ।

विभागका अधिकारीहरूमाथि अनुगमनको नाममा आर्थिक चलखेल गर्ने गरेको गम्भीर आरोपसमेत लगाइएको छ । विगतमा पनि अनुगमन टोलीले आर्थिक लाभ लिई व्यवसायीका कमजोरी ढाकछोप गर्ने गरेका घटनाहरू हुँदै आएका थिए । यस्तो चलखेल अझै कायम रहेको र व्यवसायीहरूलाई अनावश्यक दुःख दिने गरेको गुनासो छ । यदि यस्तो हो भने व्यवसायीहरूले पारदर्शीरूपमा यसको खुलासा गर्नुपर्छ । व्यवसायीहरू पनि आफ्नो कमजोरी लुकाउन सकेसम्म यस विषयमा खुल्न चाहँदैनन् । यसले के देखाउँछ भने, जब व्यवसायी र विभागका अनुगमन टोलीबीचको ‘डिल’ मिल्दैन तब आरोप–प्रत्यारोपमा उत्रिन्छन् । स्वार्थ मिल्दासम्म दुवैपक्ष चुप रहन्छन् ।

विभाग र व्यवसायीबीचको स्वार्थप्रेरित द्वन्द्वको प्रत्यक्ष असर वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई पर्दै आएको छ । रोजगार गन्तव्य मुलुकमा जानुअघि त्यहाँको वातावरण, नियम कानुन, स्थानीय संस्कार, संस्कृति, भाषा, धर्म, ट्राफिक नियमलगायत विभिन्न विषयमा पर्याप्त जानकारी दिनुपर्नेमा तालिम नै नदिई चर्को शुल्क लिएर प्रमाणपत्र थमाउँदा गन्तव्यमा पुगेपछि ती श्रमिक समस्यामा पर्ने गरेका छन् । यसरी श्रमिकहरूमाथि भइरहेको छलछाम र अनधिकृत कार्य बन्द गराउन सरकार असफल देखिएको छ ।

# कसरी घट्लान् आमा बन्दाका जोखिम ?



■ अमृता अनमोल

भरपर्दो सेवा दिनुपर्ने राज्यको कर्तव्य हो । सुरक्षित आमा बन्न गर्भवतीसँगै महिलाको परिवारलाई सही परामर्श दिनुपर्छ । गर्भवती र सुत्केरीको रेखदेख र उपचारमा परिवारलाई अभिमुखीकरण गरिनुपर्छ । राज्यले महिलाको गर्भमा शिशु रहेदेखि जन्मिने बेलासम्म रेखदेख गर्ने, शारीरिक र मानसिकरूपमा परामर्शसहितको सेवा दिने दक्ष प्रसूतिकर्मी अर्थात् ‘मिडवाइफ’को संख्या बढाउनुपर्छ । मातृमृत्यु धेरै भएको लुम्बिनी प्रदेशका लागि छुट्टै कार्यक्रम ल्याउनुपर्छ ।

एउटी महिला आमा बन्नु आफ्ना लागि सन्तान जन्माउनुमात्र होइन, देशका लागि नयाँ नागरिक जन्माउनु पनि हो । त्यसैले गर्भवती र सुत्केरीको सुरक्षाप्रति राज्यले जिम्मेवारी बोध गर्नेगरी काम गर्नुपर्छ । राज्यले गर्भवती र सुत्केरीका हरेक जटिलतालाई सहजै उपचार र अपनत्व लिनेगरी सेवामा पहुँच र गुणस्तर बढाउनुपर्छ ।

आमा सुरक्षित हुनका लागि सुरक्षितरूपमा गर्भवती र प्रसूति हुनुपर्छ । राज्यले नै स्वस्थ गर्भवतीले सुरक्षित शिशु जन्माउने वातावरण तयार गर्नुपर्छ । गर्भवती र नवजात शिशुको सेवालाई स्वास्थ्य मात्र होइन, अधिकारमुखी दृष्टिबाट पैरवी गर्नुपर्छ । यसले मात्रै मातृमृत्युदर घटाउन र सुरक्षित आमा बन्न सघाउन सक्ने छ ।

गर्भवती सुत्केरी हुने सन्दर्भमा भनिने एउटा उखान छ, ‘बाँचे आमा, मरे काल ।’ हुन पनि गर्भवती र सुत्केरी समय महिलाका लागि अत्यन्त संवेदनशील समय हो । यही संवेदनशीलता र जोखिम देखेर बूढापाकाले यो उखान बनाएका हुन् । तर, अहिले पनि गर्भवती र प्रसूति हुँदाका जोखिम कम भने भएका छैनन् । लुम्बिनी प्रदेशमा यो जोखिम अझ बढी छ ।

लुम्बिनीमा आमा बन्दा ज्यान गुमाउने महिलाको संख्या अन्य स्थानको तुलनामा बढी छ । देशभरमा मातृमृत्युदर घटेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार देशमा प्रतिएक लाख जीवित आमा बन्दा १६१ जनाको मृत्यु हुन्छ । तर, लुम्बिनीमा प्रतिएक लाख आमामध्ये २०७ जनाले ज्यान गुमाउँछन् । यो मातृमृत्युदर अन्य प्रदेशको तुलनामा बढी हो । जबकि सबैभन्दा विकट मानिने कर्णाली प्रदेशमा मातृमृत्युदर १७२ छ । पहाड र हिमाल रहेको गण्डकी प्रदेशमा १६१ छ । अर्को हिमाली जिल्ला रहेको कोशी प्रदेशमा १५७ छ । मधेसमा १४०, सुदूरपश्चिममा १३० र बागमतीमा जम्मा ९८ छ ।

मातृमृत्यु उच्च हुनुका कारण धेरै छन् । ज्यान गुमाउनेमा धेरै कुपोषण, उच्च रक्तचाप, मधुमेह, थाइराइड, मुटुको समस्या भएका महिला पर्ने गर्दछन् । यस्ता महिला गर्भवती र सुत्केरी हुँदा धेरै जटिलता हुने र मृत्युको मुखमा पुग्ने चिकित्सकहरू बताउँछन् । लुम्बिनी प्रदेशमा स्वास्थ्य संस्था टाढा भएकाले स्वास्थ्य संस्थामा लैजाँदा लैजाँदै, एक अस्पतालले ‘रेफर’ गरेपछि अर्को विशेषज्ञ अस्पतालमा छिटो नपुग्दा वा अलमलिँदा बाटोमै मृत्यु हुने आमाहरू धेरै छन् । परिवारले स्वास्थ्य संस्था लैजानेबारे निर्णय लिन ढिलाइ गर्दा र घरमै बच्चा जन्माउँदा पनि धेरैको सुत्केरी हुने क्रममा मृत्यु भएको छ ।

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार लुम्बिनीमा प्रसूति हुनुपूर्व वा प्रसूतिपछि अत्यधिक रक्तश्रावले सबैभन्दा बढी २३ प्रतिशत सुत्केरीको मृत्यु हुने गरेको छ । यसलाई पोस्टपार्टम हेमोरोज भनिन्छ । सुत्केरी भएपछिको संक्रमण, गर्भावस्थामा उक्त रक्तचाप र असुरक्षित प्रसूति तथा गर्भपतनले गर्दा यसो हुने गर्दछ । गर्भावस्थामा स्वास्थ्यमा ख्याल गर्ने हो भने यस्तो मृत्यु घटाउन सकिन्छ । यद्यपि, लुम्बिनी प्रदेशमा मातृमृत्युका खास कारण पत्ता लगाउने एवं पत्ता लागेका कारण रोक्न अपेक्षा अनुसारका काम भएका पाइँदैनन् ।

कुपोषण लुम्बिनी प्रदेशका महिलामा देखिएको अर्को ठूलो समस्या हो । स्वास्थ्य तथा जनसांख्यिक सर्वेक्षणअनुसार १५ देखि ४९ वर्षका महिलामा धेरै रक्तअल्पता हुनेमा लुम्बिनी दोस्रो स्थानमा पर्दछ । मधेसका ५२ प्रतिशत महिलामा कुपोषण छ भने लुम्बिनीमा ४४ प्रतिशतमा छ । १५ देखि ४९ वर्ष उमेरका महिलामध्ये मधेसमा सबैभन्दा बढी २ ९ प्रतिशत दुब्लो (ख्याउटे) छन् । यसपछि क्रमशः कर्णाली र लुम्बिनी आउँछन् ।

कर्णालीका २२ र लुम्बिनीका १९ प्रतिशत महिला ख्याउटे छन् । लुम्बिनी स्वास्थ्य निर्देशनालयको अध्ययन प्रतिवेदनअनुसार कम उमेरमा विवाह गर्ने, कम उमेरमा बच्चा जन्माउने आमा र तिनका शिशु सबैभन्दा बढी कुपोषित छन् । कतिपय पोषणयुक्त खाना खान नसक्ने, केही खाने र खुवाउने तरिका नमिल्दा पनि लुम्बिनीमा धेरै महिला र बालबालिकामा कुपोषण देखिएको हो । कुपोषित महिला गर्भवती हुँदा निजका जटिलता बढ्ने र प्रसूतिका बेला मृत्युको मुखमा पुग्ने गरेका छन् ।

लुम्बिनी प्रदेशमा आमा बन्ने महिलाको सहजताका लागि ४०६ वटा बर्थिङ सेन्टर सञ्चालनमा छन् । आमा बन्दा सजिलो होस् भनेर सबै बर्थिङ सेन्टरमा २४सै घण्टा प्रसूति सेवा उपलब्ध छ । २२ वटा अस्पतालमा गर्भवतीको निःशुल्क शल्यक्रिया हुन्छ । गर्भमा जटिलता हुनेका लागि ती अस्पतालले शल्यक्रियासहितको निःशुल्क सेवा दिन्छन् । लुम्बिनी, भेरी र राप्ती विशेषज्ञ सेवासहितका अस्पताल हुन् ।

प्रदेशका १२ जिल्लामा ८४ जना नर्स अल्ट्रासाउण्ड सेवासहित घरदैलोमा खटेका छन् । यति हुँदा पनि लुम्बिनीमा मातृमृत्युदर घटेको छैन । कतिपय स्वास्थ्य संस्थामा प्रसूति गराउने आवश्यक उपकरण छैनन् । उपकरण हुनेमा दक्ष जनशक्ति छैनन् । प्रसूति हुने महिलाका परिवारमात्र होइन, स्वास्थ्यकर्मीले पनि पूर्वतयारी नगर्दा पनि आमा मृत्युको मुखमा धकेलिएका छन् । स्वास्थ्य संस्था पुगे पनि नजिकमा विशेषज्ञ अस्पताल नहुँदा र त्यस्ता अस्पताल जाँदा हुने ढिलाइले पनि धेरै आमाहरूले ज्यान गुमाएका छन् । कतिपय अवस्थामा चिकित्सकको असावधानी छ । यसले गर्दा विशेषज्ञ अस्पताल पुगेका महिलाले पनि मृत्युको मुखमा पुगेका छन् ।

उसो त, जोखिममा परेका दुर्गमका गर्भवती तथा सुत्केरी महिलालाई तत्काल अस्पताल ल्याउन राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सरकारले निःशुल्क हवाई सेवा दिने गरेको छ । त्यसमा लुम्बिनी प्रदेशका रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, पाल्पा र गुल्मीका केही स्थान छनोट भएका छन् । तर, अस्पतालसँग सम्झौता नहुँदा जोखिमका सुत्केरीलाई पनि निःशुल्क हेलिकोप्टर सेवा दिएर उद्धार गर्न कठिनाइ हुँदै आएको छ । कतिपय स्वास्थ्य संस्थामा दरबन्दी अनुसार प्रसूतिविज्ञ तथा नर्सिङ कर्मचारी पनि आवश्यक मात्रामा छैनन् । अस्पतालमा भौतिक पूर्वाधार कमजोर हुँदा पनि सहज प्रसूति सेवा पाएका छैनन् । यसले मातृमृत्यु घटाउन चुनौती थपेको छ ।

लुम्बिनी प्रदेश सरकारले गर्भवतीलाई स्वास्थ्य स्वास्थ्य संस्था जान निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्न हरेक पालिकामा ६० हजार रूपैयाँ र जिल्ला तहका अस्पताललाई ‘रेफर’ गर्दा एम्बुलेन्स व्यवस्था गर्न भन्दै दुई लाख रूपैयाँ पठाउने गरेको छ । जिल्ला तहका अस्पतालबाट विशेषज्ञ अस्पताल लैजानुपर्ने गर्भवती र सुत्केरीलाई एम्बुलेन्स सेवा उपलब्ध गराउन दुई लाख रूपैयाँ दिइन्छ । संघीय सरकारले गर्भ परीक्षणलाई बढाउन नियमित गर्भजाँच गर्नेलाई ७०० रूपैयाँ र स्वास्थ्य संस्थामा प्रसूति हुन जानेलाई यातायात खर्चबापत रकम दिने गरेको छ ।

विकट स्थानका स्थानीय तहमा गर्भवती महिलाको घरघरमै परीक्षण थालिएको छ । यद्यपि, लुम्बिनी प्रदेशमा जोखिम मोलेर घरमा प्रसूति हुने गर्भवती धेरै छन् । उपचारमा जान ढिलाइ गर्ने गर्भवतीको संख्या पनि उल्लेख्य छ । यसले पनि मातृमृत्युदर घटाउन नसकिएको हो ।

सुरक्षित आमा बन्नुमा महिलाको मात्र भूमिका हुँदैन । पति र निजका परिवारको पनि ठूलो भूमिका हुन्छ । मातृमृत्युदर घटाउन घरपरिवारमा गर्भवती र सुत्केरीप्रति अपनत्वबोध हुनुपर्छ । गर्भवती हुँदादेखि सुत्केरी अवस्थामा महिलाको खानपान र रेखदेखमा परिवारले ध्यान दिनुपर्छ । जोखिमता आउन नदिन र आए तत्काल उपचारमा लैजान तम्तयार हुनुपर्छ । पोषिला र तागतिला खानेकुरा खाने वातावरण सिर्जना गरिदिनुपर्छ । गर्भ परीक्षणका लागि कम्तीमा आठपटक स्वास्थ्य संस्था पुर्‍याउनुपर्छ ।

नेपालको संविधानले महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक दिएको छ । सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन् अधिकार ऐन, २०७५ लागू भएको छ । यसले गर्भवती हुने वा नहुने रोज्न पाउनेदेखि राज्यबाट सुरक्षित मातृत्व सेवा पाउनुपर्ने अधिकारलाई समेटेको छ ।

भरपर्दो सेवा दिनुपर्ने राज्यको कर्तव्य हो । सुरक्षित आमा बन्न गर्भवतीसँगै महिलाको परिवारलाई सही परामर्श दिनुपर्छ । गर्भवती र सुत्केरीको रेखदेख र उपचारमा परिवारलाई अभिमुखीकरण गरिनुपर्छ । राज्यले महिलाको गर्भमा शिशु रहेदेखि जन्मिने बेलासम्म रेखदेख गर्ने, शारीरिक र मानसिकरूपमा परामर्शसहितको सेवा दिने दक्ष प्रसूतिकर्मी अर्थात् ‘मिडवाइफ’को संख्या बढाउनुपर्छ । मातृमृत्यु धेरै भएको लुम्बिनी प्रदेशका लागि छुट्टै कार्यक्रम ल्याउनुपर्छ । *रासस*

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन–कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई ‘स्विफ्ट कोड’ भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# जसपा नेपालको नेतृत्वमा विकास र समृद्धि



■ कैलाश गुरुङ

यतिबेला देशको अवस्था अस्थिर छ । जताततै अराजकता छ । त्यसैले आमजनतालाई देशको अवस्थाप्रति चित्त बुझेको छैन । देश चलाउन नजान्ने, देशको माया नभएका, जनताको माया नभएकाको हातमा देश पर्न गएकोले देश चिन्ताजनक अवस्थामा छ । देशका होनाहार युवालाई विदेसिन बाध्य पारेर केही दलले शासन सञ्चालन गरिरहेका छन् । देशमा उद्योगधन्दा व्यापार, व्यवसाय, आम्दानीका स्रोतहरू सुक्दै गएको अवस्था छ । देशका शिक्षित वर्गले अनुभव र पढेर सिकेका विषय विदेशमा प्रयोग गरिरहेका छन् ।

देशमा कुनै कलकारखाना उद्योगधन्दा नभएकाले शिक्षित जनशक्तिले आफूले सिकेका सीप स्वदेशमा प्रयोग गर्न पाएनन् । राजनीतिक नेताहरू विदेशीको इशारामा चलिरहेका छन् । वैदेशिक नीति समान देखिँदैन । दुई ठूला देशबीचको तरुलको रूपमा बसेको सानो देशलाई ठूला देशले थिचोमिचो गरेको अवस्था छ । राजनीतिक दलका प्रमुख नेताहरू देशको माया नगरी विदेशी दलाली गरेर पैसा आर्जन गर्ने धन्दामा लागेका देखिन्छ । विभिन्न सामाजिक संघ संस्था, अदालत, प्रहरी प्रशासन, विभिन्न कार्यालयहरूलाई मुठीमा राखेर आफू अनुकूल निर्णय गराइरहेका छन् । आफ्नो हैकम चलाइरहेका छन् । वडादेखि केन्द्रसम्मका जनतालाई विभिन्न प्रलोभनमा पारेर भोट बटुलिरहेका छन् । त्यसैले गरिब जनता बाँच्नसक्ने अवस्था नै देखिँदैन । राज्यका विभिन्न क्षेत्रहरू बिचौलियाको हातबाट चलिरहेको छ । न्याय पाउने ठाउँमा न्यायका लागि अनुरोध गर्न जाँदासम्म आर्थिक चलखेल भइरहेको अवस्था छ । त्यसैले गरिब जनता न्यायिक क्षेत्रबाट विमुख हुनुपर्ने अवस्था छ ।

यसले देशको समग्र स्थिति दयनीय र चिन्ताजनक अवस्थामा पुर्‍याएको छ । देश सामाजिकरूपमा विकृत बन्दै गएको छ । यदि देश राम्रो अवस्था पाएको भए नेपाल स्विट्जरल्याण्ड बन्ने थियो । खालि ठूला दलहरूले प्रजातन्त्रको नाममा जनतालाई ठगे । अहिले पनि ठगिरहेका छन् । देशका युवा शक्तिलाई यहाँ काम गर्न नबस्ने वातावरण निर्माण गर्ने र यहाँ बसेका सोझा निमुखा जनतालाई झुक्याएर भ्रष्टाचार गरिरहेका छन् ।

कलकारखाना बेचे, जताततै अराजकता निम्त्याए । सरसर्ती भन्नुपर्दा प्रमुख दलकै कारण देश असफलता उन्मुख छ । हरेक क्षेत्रमा प्रमुख दलका नेताहरूले जनता झुक्याएर लुटिरहेका छन् । त्यसैले प्रमुख दलका नेताले लुटेको सम्पत्ति जफत गर्नुपर्छ । देश विकासमा लगाउनुपर्छ । प्रमुख दलका नेताहरू सत्तामा आउँदा सीमित उनका नेता कार्यकर्ता रमाए होलान् तर आमजनता खुसी भएको अवस्था छैन ।

प्रमुख दलका नेताहरूले गरेको काण्डको बेलिविस्तार लगाएर साध्य छैन । कसरी सत्तामा जाने र देश लुट्ने भन्ने मनसायमा मात्र ठूला दलका नेता लागेका देखिन्छ । यो अवस्थामा भन्ने हो भने जनता समाजवादी पार्टी (जसपा) नेपाल सोझाहरूले भरिएको पार्टी हो । देशभक्तहरूले भरिएको पार्टी हो । उपेन्द्र यादवजस्ता देशभक्त जनभक्त नेता यही पार्टीमा रहनुभएको छ । त्यसो त जसपा नेपाल जन्मेदेखि नै राष्ट्रवादी पार्टी हो । अरु पार्टीले केही गर्न सक्दैनन् भन्ने बुझेर नै हाम्रो पार्टीप्रति जनआकर्षण बढेको हो । अब देश जसपा नेपालको हातमा आउँदै छ । देश र जनताको माया गर्ने, शिक्षित व्यक्ति, अनुभवले भरिपूर्ण भएको, स्थानीय जनताको समस्या बुझेको, निःस्वार्थ भावनाले देश चलाउनुपर्छ भन्ने असल भावना बोकेको व्यक्ति देशलाई आवश्यक छ । हाम्रो पार्टीको नेताहरू यसमा पर्नुहुन्छ ।

गाउँका गरिब जनता दुई छाक खान नपाएर रोइरहेका छन् । नून पाएका छैनन्, तेल पाएका छैनन् । चामल पाएका छैनन् । गरिब जनताको सेवा गर्छु भनेर आएकाहरू आफैंमात्र बने । चप्पल लगाएर हिँड्ने नेताहरू पजेरोमा हिँड्छन् । यस्तो अवस्थामा अबको विकल्प दिने पार्टी भनेको जसपा नेपालमात्र हो ।

नयाँ बजेट आउँछ । धनीलाई पोसिन्छ । गरिब जनतालाई करमाथि कर थोपरिन्छ । कर्मचारीको तलब बढाइँदैन । हुँदाहुँदा वृद्धभत्ता पाउने उमेर पनि बढाए । त्यही वृद्धभत्ताबाट गुजारा चलाइरहेका गरिब जनताले के गर्ने ? यसरी हेर्दा यस वर्षको बजेट पनि हरेक कोणबाट असफल देखिन्छ ।

त्यसो त कांग्रेस-कम्युनिस्टले जनता झुक्याएर जितेका छन् । जसपा नेपालमा जनता हुँदाहुँदै पनि जनताले काग्रेस-कम्युनिस्टको सस्ता नारामा फसे । अब हामी जुनसुकै चुनावमा हार्ने छैनौं । हाम्रो मिसन सफल हुँदै जाने छ । हामीलाई मन्त्री प्रधानमन्त्री बन्नुभन्दा पनि जनताको माया छ । हामी खुला हृदय भएका हौं ।

कुनै पनि चुनावमा हाम्रो जित असम्भावी छ । बागमतीमा धेरै पानी बगिसक्यो । जसपाप्रति जनआकर्षण बढ्दै गएको छ । सडकमा नउत्रे पनि घरमै बसेर पनि हाम्रो आन्दोलन र कार्यक्रमहरूमा जनसमर्थन रहेको स्पष्ट छ । कुनै पनि बेला जसपा नेपालले समर्थनमा जनता मैदानमा उत्रने छन् । त्यसैले अबको अवस्थामा हाम्रो आन्दोलन हरेक किसिमले सान्दर्भिक छ । हामी आन्दोलन गर्ने चरणमा छौं । जसपाको संगठन निरन्तर बढ्दै छ । यसलाई अझ बढाउने अभियानमा छौं । हामीलाई सबै तह र तप्कामा जनताले साथ सहयोग गरिदिनुहोला । सिँचाइको अभावले यति बेला तराईसहित देशको कैयन भागमा किसानले धान रोप्न पाएका छैनन् । यदि बेलैमा सिँचाइको व्यवस्था गरिएको भए अहिलेको अवस्था आउने थिएन । प्रमुख दलका नेताहरू सिँचाइको व्यवस्था गर्छु भनेर सत्तामा आए तर गरेनन् ।

*(गुरुङ जसपा नेपालका केन्द्रीय सदस्य हुन्)*

# एउटै पालिकाका २४३८ घर बाढीपहिरोको जोखिममा

**बागलुङ (प्रस)–** बागलुङको निसीखोला गाउँपालिकामा दुई हजार ४३८ घर बाढीपहिरोको जोखिममा परेका छन् । भिरालो स्थान, खोला नजिक र सडक छेउका घर जोखिममा परेसँगै १३ हजार ५९७ जना स्थानीय प्रभावित बनेका हुन् ।

सातवटा वडा रहेको निसीखोलामा सबैभन्दा बढी वडा नं १ बाढीपहिरोको जोखिममा परेको छ । यस वडामा मात्रै ९२० घर पहिरोको जोखिममा परेका छन् भने हुल्दी, लेबाङ किटेनी, स्वाँरालगायत बस्ती पहिरोको जोखिममा परेका गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले जानकारी दिए ।

वि.सं. २०७४ यता गाउँमा धेरै पहिरो जाने गरेको स्थानीय बताउँछन् । गाउँपालिकाको तथ्यांकअनुसार वडा नं २ मा २०७, वडा नं ३ मा १४०, वडा नं ४ मा ४००, वडा नं ५ मा १७०, वडा नं ६ मा ३१ र वडा नं ७ मा ५७० घर पहिरोको जोखिममा छन् ।

पहिरोले गाउँ नै चिराचिरा परेपछि बर्खाको समय जोखिम मोलेर बस्नु परेको निसीखोला-१ हुल्दीकी हुमकुमारी मल्लले बताइन् । गाउँको बीचमा एउटा ठूलो पहिरो रहेको भन्दै उक्त पहिरो दशकौं अगाडिदेखि निरन्तर बग्ने गरेको उनको भनाइ छ । आठ वर्ष अगाडिसम्म उक्त पहिरोले गाउँमा ठूलो क्षति नपुऱ्याएको बताउँदै वि.सं. २०७५ देखि त्यसको असरले गर्दा गाउँका विभिन्न स्थानमा जमिन भास्सिने र चिरिने गरेको मल्लले जानकारी दिइन् ।

'हामीहरू पहिरोका कारण ज्यान कसरी बचाउने भन्ने चिन्तामा छौं, हिउँदको समय घरमा सुखले बस्छौं, बर्खाको समयमा ठूलो वर्षा हुने वित्तिकै गाउँ छोडेर भाग्नुपर्छ,' मल्लले भनिन्, 'गाउँभन्दा माथि दह भन्ने छ, त्यहाँ गाईभैंसी गोठ छन्, त्यही गएर बस्ने गर्छौं, गाउँपालिकामा धेरै पटक समस्याबारे जानकारी गरायौं, संघ र प्रदेश सरकारलाई पनि जानकारी गराएका छौं, अहिलेसम्म हाम्रो समस्या समाधानका लागि कुनै सम्बोधन भएको छैन ।'

निसीखोला-२ का पदमबहादुर विकले गाउँमाबाहेक अरु ठाउँमा जग्गा जमिन नहुँदा जोखिममा बस्नु परेको बताए । ठूलो पानी पऱ्यो भने सबै सरसामान बोकेर घर बाहिर निस्कने गरेको उनको भनाइ छ । हुनेखाने बसाइँसराइ सरेर तराईतिर झरेका भन्दै उनले आर्थिक अवस्था कमजोर भएका गाउँमै बसेका बताए । सरोकार भएका निकायलाई गाउँको समस्याका बारेमा पटकपटक जानकारी गराए पनि अहिलेसम्म सुनुवाइ नभएको उनले गुनासो पोखे ।

निसीखोला गाउँपालिकाका अध्यक्ष मगरले जोखिममा रहेका बस्ती स्थान्तरणका लागि संघ र प्रदेश सरकारसँग माग गरिरहेको बताए । जनता आवास कार्यक्रमअन्तर्गत केही नागरिकलाई सुरक्षित स्थानमा सारेर घर निर्माण गरिएको उनले जानकारी दिए । अप्ठ्यारो भूगोलका कारण हरेक वर्ष बाढीपहिरोबाट यहाँका नागरिकले दुःख पाउँदै आएका उल्लेख गर्दै अध्यक्ष मगरले त्यसको दीर्घकालीन समाधानका लागि गाउँपालिकाले योजना बनाइरहेको बताए ।

## स्तनपान प्रवर्द्धन गर्दै भरतपुर अस्पताल

**चितवन (प्रस)–** भरतपुर अस्पताल प्रसूति सेवामा देशकै अग्रणीमध्येमा एक मानिन्छ।काठमाडौंकोप्रसूतिगृहपछि सबैभन्दा बढी प्रसूति सेवा दिने अस्पताल हो यो ।

वार्षिक १६ हजारसम्मले सेवा लिएको यस अस्पतालमा हाल अन्य स्थानीय तहमै प्रसूति सेवा विस्तार भएकाले सेवाग्राहीको संख्यामा केही कमी आए पनि गत वर्ष अस्पतालमा आठ हजार ३१८ गर्भवतीले प्रसूति सेवा लिए । जसमध्ये चार हजार ३८३ जना (५२.४५ प्रतिशत) को सामान्य प्रसूति (नर्मल डेलिभरी), तीन हजार ७६७ जना (४५.२८ प्रतिशत) को शल्यक्रिया (सिजेरियन डेलिभरी) र १८८ जना (२.२६ प्रतिशत) को जटिल प्रसूति गराइएको थियो ।

अस्पतालले स्तनपान गराउन र परामर्शका लागि छुट्टै कक्ष सञ्चालनमा ल्याएको छ । हरेक वर्षको अगस्ट १ देखि ७ तारिखसम्म विश्व स्तनपान सप्ताह मनाइन्छ । सो सप्ताहको उद्देश्य आमाको दूधको महत्त्वबारे जनचेतना फैलाउनु, स्तनपानसम्बन्धी मिथ्या धारणा हटाउनु र आमा तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धन गर्नु हो । यस वर्ष विश्व स्तनपान सप्ताहको नारा, 'स्तनपानलाई प्राथमिकता दिऔं: दिगो समर्थन प्रणाली निर्माण गरौं' भन्ने छ । पहिलो छ महिनामा पूर्णस्तनपानलाई बढावा दिन र आमाका लागि सुरक्षित सहयोगी वातावरण बनाउन जोड दिइएको छ ।

अस्पतालमा सुत्केरी आमाहरूलाई स्तनपानका लागि परामर्श र दूध संकलन सेवा उपलब्ध गराइँदै आएको अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट प्रा.डा. कृष्णप्रसाद पौडेलले बताए । उनले भने, 'हामी यहाँ जन्मने बच्चाहरूले आमाकै दूध खाउन् भन्ने चाहन्छौं । केही आमाले आधुनिक जीवनशैली र भ्रमका कारण स्तनपान नगर्ने प्रवृत्ति देखिए पनि यो पूर्णरूपमा गलत हो ।'

अस्पतालले भविष्यमा 'मिल्क बैंक' विस्तार गर्ने योजना बनाएको छ । अस्पतालकी स्तनपान परामर्श कक्ष तथा ल्याक्टेसन म्यानेजमेन्ट युनिटमा काउन्सिलरको रूपमा कार्यरत सकुन्तला ढकालले स्तन गानिएका वा बच्चाले राम्ररी दूध नचुसेका आमाहरूको सल्लाह र उपचार गरिने बताइन् । उनका अनुसार यहाँ विशेष मेसिनको प्रयोगबाट दूध निकालिने र आवश्यकताअनुसार भण्डारण वा सीधै प्रयोग गरिने व्यवस्था छ । उनले भनिन्, 'कतिपय नयाँ आमाहरू दूध चुसाउन अप्ठ्यारो मान्नुहुन्छ, हामी उनहरूलाई यसको महत्त्व र बच्चा स्वस्थ हुने कुरा बुझाउँछौं, अनि उनीहरू सहमत हुनुहुन्छ ।'

अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा. खेमराज पौडेलका अनुसार नवजात शिशुको शारीरिक तथा मानसिक विकासका लागि स्तनपान अत्यन्त आवश्यक छ ।

---

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
**कञ्चनपुर भन्सार कार्यालय**
गड्डाचौकि, कञ्चनपुर

**भन्सार नियमावली २०६४ को नियम ३६(५) बमोजिम सवारी साधनको पुन:लिलाम बिक्री सम्बन्धी ७ दिने बोलपत्र आव्हानको सूचना**

**दोस्रो पटक प्रकाशित सूचना २०८२/04/२३**

यस कञ्चनपुर भन्सार कार्यालयमा रहेका सवारी साधानहरु (मोटरसाईकल थान २८) जहाँ जे जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमद्धारा पुनर्सलिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा बोलपत्र खरिद गरी ८ (आठौं) दिनमा दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिलाई आव्हान गरिन्छ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिउँसो १५:०० बजे बोलपत्र दाता र अन्य कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । साथै आफूले कबोल गरेको रकमको १०% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि. महेन्द्रनगरमा रहेको क २.९ भन्सार कोष खाता नं ४१८०१००१०२०९०००१ मा जम्मा गरि दोस्रो सक्कल भौचर बोलपत्र फाराम साथ पेश गर्नुपर्ने छ । साथै धरौटी जम्मा गर्दा उल्लेखित भन्सार कोष खाता नं. बाहेक अन्य खातामा जम्मा गरेमा वा बैंक जमानत राखेको धरौटी लाई मान्यता दिईने छैन र उक्त बोलपत्र समेत रद्द हुने व्यहोरा जानकारी गराइन्छ । यस सम्बन्धमा सवारी साधनहरूको लिलाम बिक्री सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेबसाईट https://kanchanpur.customs.gov.np/ र भन्सार बिभागको वेबसाईट www.customs.gov.np मा प्रकाशित गर्नुको साथै जिल्ला प्रशासन कार्यालाय कञ्चनपुर, भिमदत्त नगरपालिका कञ्चनपुर, कोष तथा लेखा नियन्त्रक कार्यालय कञ्चनपुर, मालपोत कार्यालय कञ्चनपुर, यातायात व्यवस्था कार्यालय कञ्चनपुर, उद्योग बाणिज्य संघको कार्यालय कञ्चनपुर तथा कञ्चनपुर भन्सार कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । अन्य थप जानकारीको लागी यस कार्यालयको मुद्दा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न हुन अनुरोध छ ।

---

**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चिरौली, सुनसरी, कोशी प्रदेश, नेपाल**

**गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**

क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।




**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**

क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, द्यष्वतजल्सन ऋभलतचभ वा प्रसुती गृहमा जाऔं ।




**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**

क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टामित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**

क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।




---

**नेपाल इन्स्योरेन्स**

Kamaladi, Kathmandu, Nepal
Tel: 5321353, 5328690, 5345565/68, P.O. Box: 3623
Toll Free No.: 16600161666, E-mail: nic@nepalinsurance.com.np

**Nepal Insurance Company Ltd. invites quotations from qualified actuaries for actuarial services for FY 2081/82 (2024/25), in line with Nepal Insurance Authority regulations.**

**Scope of Services:**
- As set in the "Guideline Related to Actuary Appointment for Insurers, 2024 (2081 BS)" issued by Nepal Insurance Authority.
- Actuarial valuation of employee benefits as per NAS 19.

**Eligibility:**
As set in the "Guideline Related to Actuary Appointment for Insurers, 2024 (2081 BS)".

**Submission:**
A non-refundable fee of Rs. 1,000 shall be paid to obtain the quotation from the Company. Furthermore, interested individuals are required to deposit a cash security equivalent to 2.5% of their quoted amount at the time of submission. Sealed quotations must be submitted within 15 days from the date of this notice to the following address:

**Nepal Insurance Company Ltd.**
Ameer Bhawan, 1st & 7th Floor, Ganeshthan, Kamaladi
Tel: 01-5321353, 5328690
P.O. Box: 3623, Kathmandu, Nepal

**Disclaimer:**
Company reserves right to accept or reject any quotations with or without assigning any reasons whatsoever.

---

**मुकुल वचत तथा ऋण सहकारी संस्था लि.**
बालुवाटार, काठमाडौं, सम्पर्क नं.: ०१-४५३५६२६, ०१-४५३५४६८

**धितो लिलाम बढाबढको ३५ दिने सूचना**

(दोस्रो पटक प्रकाशन मिति २०८२/०४/२३ गते)

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखत अनुसारको ऋण सम्बन्धी शर्तहरू पटक-पटक उल्लंघन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नकासाथै राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना प्रकाशित गर्दा तथा मितिः २०८१/०९/०३ गते धितो लिलामा बराबरको ३५ दिने सूचना प्रकाशित गर्दा समेत आफूले बुझउनु पर्ने ऋणको रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकाले यो धितो लिलामको सूचना प्रकाशित गरिएको छ। संस्थासँग भएको शर्त, कबुलिखत, तमसुक बमोजिमको धितोको घर/जग्गाहरू जे जस्तो छ, सोहि अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचखिन गरिने हुँदा सो धितो खरिद र सकार गरी लिने इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको सदस्यको विवरण | धितो विवरण | धन जमानी विवरण |
|---|---|---|
| नाम थर : नारायण बहादुर बस्नेत<br>नागरिकता नं : ३२४२४<br>बाबुको नाम : ज्ञान बहादुर बस्नेत<br>बाजेको नाम : जित बहादुर बस्नेत<br>स्थायी ठेगाना : वेलकोट-९, नुवाकोट  | ऋणीको नाममा मालपोत कार्यालय ललितपुरमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला चापागाँउ गा.वि.स./न.पा वडा नं. २क कित्ता नं. क्रमश: ४२८, ४३१ र ४२७ को ०-७-०-२ (२२६.५५), ०-८-०-० (२५४.३७) र ०-७-०-० (१९०.७८) वर्ग क्षेत्रफल भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलाग समेत | नाम थर : प्रमिला रिजाल<br>नागरिकता नं.: १९२८९<br>बाबुको नाम : नयाँकान्त रिजाल<br>बाजेको नाम : डिल्लिराज रिजाल<br>पतिको नाम : नारायण बहादुर बस्नेत<br>स्थायी ठेगाना : वेलकोट-९, नुवाकोट  |

**लिलाम बिक्रीका शर्तहरू:**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको कूल रकमको १०% ले नगद रकम धरौटि वापत तुरुन्तै (डाक बढाबढ गरेकै वखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृतपत्र पाएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाएमा त्यसपछि दोश्रो बढी रकम कबोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला र खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको रकम सबै आफैले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको लचल सम्पत्ति दने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनि वा निजको प्रतिनिधि लिलाम बिक्री हुने समयमा उपस्थित हुनु पर्नेछ । तर निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैंले धितो जग्गा सकार गरी लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान:**
लिलाम हुने मिति: २०८२/०५/२७ गते शुक्रबार
समय : दिनको ४:०० बजे
स्थान : संस्थाको मुख्य कार्यालय, बालुवाटार, काठमाडौं ।

---

**कुवेतमा रोजगार** कम्पनी : **Lamset Hani Salon For Ladies**

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२२ | LT. No. 305233 | चलानी नं. ६०२२०११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ६८,८०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 3 | 150 | ६८,८०७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३० गते (15th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

---

**युएइमा रोजगार** कम्पनी : **CHINA CIVIL ENGINEERING CONSTRUCTION CORPORATIONS- DUBAI BRANCH**

पूर्व स्वीकृति मिति : २०८२/04/२१ | LT. No. 328740 | चलानी नं. ६०२४२५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 1000 | ३८,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३० गते (15th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

---

**कुवेतमा रोजगार** कम्पनी : **AL-SHARAN MARKET FOR NON-FOOD STUFF**

पूर्व स्वीकृति मिति : २०८०/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२२ | LT. No. 300551 | चलानी नं. ६०२१५४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 10 | 0 | 150 | ६८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Inside Worker/labor/helper | 40 | 0 | 90 | ४१,२२५ | | | | | | | |
| 3 | Salesman | 30 | 0 | 140 | ६४,१२५ | | | | | | | |
| 4 | Security Guard | 10 | 0 | 150 | ६८,७०५ | | | | | | | |
| 5 | Techinician | 5 | 0 | 150 | ६८,७०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३० गते (15th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

---

**युएइमा रोजगार** कम्पनी : **ONTIME MANPOWER SUPPLY**

पूर्व स्वीकृति मिति २०८२/04/२१ | LT. No. 328540 | चलानी नं. ६०२४२४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 195 | 0 | 1000 | ३८,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **CYLINGAS COMPANY L.L.C**

पूर्व स्वीकृति मिति २०८२/04/२२ | LT. No. 328528 | चलानी नं. ६०२४२५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 25 | 0 | 1000 | ३८,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | 0 | 1500 | ५७,१४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३० गते (15th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRAND SHIKHAR OVERSEAS PVT LTD**
Govt. License 756/064/65
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com

रूपशाला

## 'माग्ने राजा'को ट्रेलर सार्वजनिक

भदौ ६ गते देखि प्रदर्शनमा आउने चलचित्र 'माग्ने राजा'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार क्युएफएक्स सिभिल मलमा एक समारोहको आयोजना गरी चलचित्रको ट्रेलर सार्वजनिक गरिएको हो । मुनाल घिमिरेद्वारा निर्मित र ऋषि लामिछानेद्वारा निर्देशित सो चलचित्रमा केदार घिमिरे (माग्ने बुढा) र वर्षा सिवाकोटीको प्रमुख भूमिका रहेको छ । यसैगरी फिल्ममा पुष्कर गुरूङ, शिशिर वाङ्देल, शारदा गिरी र टिकटकर मोडल पवित्रा साकी उर्फ मिस पबीको पनि अभिनय छ । नरेन्द्र मैनालीले खिचेको फिल्ममा अभिनेता आर्यन सिग्देलको पनि विशेष भूमिका रहेको बताइएको छ ।



# कर्मा, आकृति र मुस्कान बने 'मिस प्लस टू इन्टरनेसनल'



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस प्लस टु इन्टरनेशनल'मा तीन विजेता छानिएका छन् । राजधानमिा आयोजित एक कार्यक्रममा प्रतियोगामा 'मिस प्लस टु नेपाल वर्ल्ड', 'मिस प्लस टु नेपाल ग्लोवल' र 'मिस प्लस टु नेपाल हेरिटेज' गरेर एकसाथ तीन विजेता छानिएका हुन् ।

राष्ट्रिय नाचघरमा भव्य समारोह बिच बुधबार साँझ सम्पन्न प्रतियोगीतामा 'मिस प्लस टु नेपाल वर्ल्ड'को ताज कर्मा लामाले जित्दा 'मिस प्लस टु नेपाल ग्लोवल' आकृति पोखरेल घोषित भइन् । प्रतियोगीतामा मुस्कान कुँवरले भने 'मिस प्लस टु नेपाल हेरिटेज'को उपाधि जित्न सफल रहिन् । सौन्दर्य, आत्मविश्वास, व्यक्तित्व र प्रतिभाको आधारमा विजेता छानिएको प्रतियोगीतामा हेरिटेज विजेता मुस्कान कुँवरले 'पब्लिक चोइस'को उपाधि समेत हान पार्न सफल भइन् ।

प्रतियोगितामा सबटाइटल तर्फ मुस्कान कुँवर 'मिस ट्यालेन्ट', कर्मा लामा 'मिस स्टाइलिस' र 'बेस्ट वाक', आकृति पोखरेल 'मिस फोटोजेनिक', प्रियंका चौधरी 'मिस कन्जिनियलिटी', अनुपमा नेपाल 'मिस पर्सनालिटी', काजल मेहता 'मिस कन्फिडेन्ट', रेशु कुमारी मगर 'मिस इन्टेलेक्चुअल', रेनुका मास्के 'मिस डिसिप्लिन', निकिता शाह 'बेस्ट ट्रान्सफर्मेसन', पुष्पाञ्जली शर्मा 'मिस डिटरमिनेसन', कृति शाह 'मिस चार्मिङ' र मनकामना रौनियार 'मिस डिसेन्ट', आश्मा धामी 'म्यानेजमेन्ट चोइस' र कृतिका कर्माचार्यले 'इभनिङ गाउन' उपाधि हात परे ।

सङ्गीता रौनियार, प्रिया मानन्धर, बीएवा बस्नेत, राम केसी, विशाल गुरुङ, अनिला श्रेष्ठ, मनिषा डंगोल लगायतका निर्णायक रहेको प्रतियोगीतामा युभा इभेन्ट्सले आयोजना गरेको थियो । त्रिदेवी श्रेष्ठले कार्यक्रम व्यवस्थापन रहेको प्रतियोगिताको कोरियोग्राफी रोजिन शाक्यले गरेका थिए । कक्षा १२ को परिक्षा दिएर बसेका बिद्यार्थीहरूको प्रतिभा निखार्दै उनीहरूको ब्यक्तित्व निखार्ने उदेश्यले प्रतियोगीता आयोजना गरिएको थियो । प्रतियोगिताको भोटिङ पार्टनरको रूपमा 'जीनोपे' जोडिएको थियो ।

## 'हरिबहादुरको जुत्ता'को नयाँ पोस्टर

**काठमाडौं (प्रस)–** यो बर्षको प्रतिक्षित चलचित्र 'हरिबहादुरको जुत्ता' को नयाँ पोष्टर सार्वजनिक भएको छ । निर्माण टिमले बिहीबार सार्वजनिक गरेको पोष्टरमा चलचित्रका प्रमुख तीन कलाकारलाई प्रस्तुत गरिएको छ ।

पोष्टरमा हरिवंश आचार्य, प्रकाश सपुत र स्वस्तिमा खड्का फिचर रहेका छन् । सार्वजनिक पोष्टरले तीन कलाकारको चरित्र चित्रण गर्ने कोसिस गरेको छ । पोष्टरमा हरिवंश आचार्य आफ्नै चर्चित हरिबहादुर क्यारेक्टरमा देखिएका छन् । प्रकाश केही रिसाएको मुडमा छन् भने स्वस्तिमा मन्द मुस्कानमा प्रस्तुत भएकी छिन् । यसले चलचित्र रमाइलो र पारिवारिक रहेको अनुमान लगाउन सकिन्छ । सार्वजनिक पोष्टरलाई शान थापा र विजय वस्यालले तयार गरेका छन् ।


**मानेभन्ज्याङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानेभन्ज्याङ, ओखलढुङ्गा**
**कोशी प्रदेश, नेपाल**

**शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०४/२३**

आ.व. २०८२/०८३ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ र ६२ बमोजिम यस मानेभन्ज्याङ गाउँपालिकाले लिन उठाउन पाउने तपसिल बमोजिमको कार्य वापत आय सङ्कलन कार्यका लागि शिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूबाट १५ (पन्ध्र) दिन भित्रमा आवश्यक कागजात संलग्न गरी शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

| सि.न. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम कबोल अंक (मु. अ. कर बाहेक) | न्यूनतम कबोल अंक (मु. अ. कर सहित) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | MRM/SQ/JKJ/ 01/082/083 | Jadibuti, Kabadi Ra Jibajantu Nikasi Kar Sangkalan Garne Karya 82/83 | १५००००००।०० | १६९५०००।०० | १०००।०० |
| २ | MRM/SQ/ZOARCW/ 02 /082/083 | Zipline Operation and Revenue Collection Works 82/83 | ६२८३१८।५८ | ७१००००।०० | १०००।०० |

यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.bolpatra.gov.np, www.manebhanjyangmun.gov.np बाट हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


रंगशाला

## फिफा वरीयतामा महिला टिमको छलाङ



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली महिला राष्ट्रिय टोली फिफा विश्व वरीयतामा १३ स्थानको फड्को मार्दै ८७औं स्थानमा उक्लिएको छ । नेपाली महिला फुटबलको इतिहासमा यो अहिलेसम्मकै सर्वोत्कृष्ट वरीयता हो । सन् २००३ बाट सुरु भएको महिला वरियताको इतिहामा यसअघि २०१७ डिसेम्बर १५ मा प्रकाशित विश्व वरीयता सूचिमा ९१औं स्थान हासिल गर्नु नेपालको सबभन्दा उच्च वरीयता थियो ।

स्पेनले शीर्ष स्थानमा अमेरिकालाई स्थानान्तरण गर्दा अमेरिका दोस्रो स्थानमा झरेको छ । अमेरिका यसअघि शीर्ष स्थानमा थियो भने स्पेन दोस्रो स्थानमा थियो । यसैगरी स्वीडेन छैटौंबाट तेस्रो स्थानमा उक्लँदा पाँचौं स्थानबाट इङ्ल्यान्ड चौथो स्थानमा उक्लिएको छ । तेस्रो स्थानमा रहेको जर्मनी पाँचौं स्थानमा झरेको छ । त्यस्तै चार स्थानको फड्को मार्दै फ्रान्स छैटौं स्थानमा उक्लँदा तीन स्थान तल झरेको ब्राजिल सातौं तथा जापान क्यानाडा र दक्षिण कोरिया क्रमषः आठौं, नवौं र १०औं स्थानमा छन् । जापान, क्यानाडा र कोरिया अघिल्लो वरियताको तुलनामा यसपाली एक स्थान तल झरेका थिए ।

एसियाली देशको बीचमा भने नेपालको स्थान १६औं छ । एसियाली देशमध्ये सबभन्दा माथि रहेको जापान विश्व वरियताको आठौं स्थानमा छ । दक्षिण एसियाली देशमध्ये भारत सबभन्दा माथि छ भने नेपाल दोस्रो स्थानमा छ । भारतको विश्व वरीयता ६७ छ भने एसियाली देशबीच भारतको स्थान १२औं छ ।

विश्व फुटबलको सर्वोच्च निकाय फिफाले बिहीबार जारी गरेको नयाँ विश्व वरियतामा सबभन्दा धेरै सुधार गर्ने क्रममा २४ स्थानको फड्को मारेको बंगलादेश १०४औं स्थानमा पुगेको छ । एसियाली देशबीच १९औं स्थानमा उक्लिएको बंगलादेश दक्षिण एसियाली प्रतिद्वन्द्वीहरूमध्ये तेस्रो स्थानमा छ ।

यसैगरी दक्षिण एसियाका पाकिस्तान तीन स्थानको सुधार गर्दै १५४, दुई स्थान तल झरेको श्रीलंका १६१ आठ स्थानको सुधार गरेको भुटान १६३ तथा दुई स्थान तल झरेको माल्दिभ्स १६५औं स्थानमा छन् । एसियाली देशबीच पाकिस्तानको वरियता ३१औं छ भने श्रीलंका ३५, भुटान ३६ तथा माल्दिभ्स ३८औं स्थानमा छन् ।


**Sabhapokhari Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Barhabise, Sankhuwasabha**
**Koshi Province, Nepal**

**INVITATION FOR ELECTRONIC BIDS**

**Date of publication: 2082-04-23**

1. *Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha* invites electronic bids from eligible bidders for the construction of the following works :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. With Vat & PS Items) | Bid Security Amount (in Rs.) | Bid document fee (in Rs.) | Type of Bid | Minimum Average Annual Construction Turnover | Minimum work experience of similar size and nature (excluding VAT) |
|---|---|---|---|---|---|---|---|
| SPRM/DDK/ NCB/01/082/083 | Upgrading of Barhabise Dake Khandbari Road to Blacktopped Standard (Ch. 4+696 to 7+445 m) | **N/A** | **12,00,000** | 5,000 | Single Stage Double Envelope | **64.8 Million** | At least 1 project worth **25.64 Million** in Road construction |
| SPRM/DDK/ NCB/02/082/083 | Upgrading of Barhabise Dake Khandbari Road to Blacktopped Standard (Ch. 7+445 to 9+895 m) | **N/A** | **12,55,000** | 5,000 | Single Stage Double Envelope | **68.11 Million** | At least 1 project worth **27.00 Million** in Road construction |
| SPRM/DDK/ NCB/03/082/083 | Construction of Janajyoti Ma.Bi. 24 Kothe Bhawan (First Floor) | **N/A** | **5,76,000** | 5,000 | Single Stage Double Envelope | **31.30 Million** | At least 1 project worth **12.30 Million** in RCC Building construction |
| SPRM/DDK/ NCB/04/082/083 | Slope Protection and branch road construction work at 5 Bed Primary Hospital of Sabhapokhari Rural Municipality, Sankhuwasabha | **84,99,034.34** | **2,10,000** | 3,000 | Single Stage Single Envelope | **N/A** | **N/A** |

2. Information to deposite the cost of bidding document in the following specified bank:-

| Name of the bank | **Prime Commercial Bank Ltd., Sabhapokhari Branch** | Contract No. | Pre-bid Meeting | Last date of bid submission | Bid opening date | Bid validity period | Bid Security Validity period |
|---|---|---|---|---|---|---|---|
| Name of the office | Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha | All Contracts | **2082/05/13** at 13:00 hrs | **2082/05/23** before 12:00 hrs | **2082/05/23** at 13:00 hrs | **90 days** | **120 days** |
| Office Code No | 801010409 | | | | | | |
| Rajaswa Account No | **06901000000022200177** (for bid document purchase) | | | | | | |
| Rajaswa(Revenue) Sirshak No. | 14229 | | | | | | |
| Dharauti Account No. | **06901000000023100160** (for bid security deposite) | | | | | | |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
4. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# आर्थिक पीडा बढ्दै जाँदा ट्रम्पका व्यापक भन्सारहरू लागू

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दर्जनौं देशमा उच्च आयात करहरू लगाउन बिहीबार सुरु गरे । यद्यपि उनका महिनौंको भन्सार धम्कीहरूको आर्थिक नतिजाले अमेरिकी अर्थतन्त्रका लागि दृश्यमान क्षति सिर्जना गर्न थालेको छ ।

मध्यरातपछि, ६० भन्दा बढी देश र युरोपलेली संघ (इयू) का सामानहरू १० प्रतिशत वा सो भन्दा बढीको भन्सार दरको अधीनमा आए । इयू, जापान र दक्षिण कोरियाका उत्पादनहरूमा १५ प्रतिशत कर लगाइएको छ भने ताइवान, भियतनाम र बंगलादेशबाट आयातमा २० प्रतिशत कर लगाइएको छ । इयू, जापान र दक्षिण कोरियाले अमेरिकामा सयौं अर्ब डलर लगानी गर्ने पनि ट्रम्पले अपेक्षा गरेका छन् ।

'मलाई लाग्छ यो वृद्धि अभूतपूर्व हुने छ,' बुधबार दिउँसो ट्रम्पले भने, 'भन्सारमा सयौं अर्ब डलर उठाइरहेको छ ।' तर उनले राजस्वका लागि निश्चित आँकडा दिन सकेनन् । 'भन्सार दरहरूका सन्दर्भमा हामीलाई अन्तिम संख्या के हो भन्ने पनि थाहा छैन,' उनले भने ।

अनिश्चितताका बावजुद, ट्रम्प प्रशासन उनका व्यापक भन्सारहरूको सुरुआतले विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रको बाटोका बारेमा स्पष्टता प्रदान गर्ने छ भन्नेमा विश्वस्त छ । अब कम्पनीहरूले अमेरिका कुन दिशामा जाँदै छ भन्ने बुझेपछि, उनीहरूले नयाँ लगानीहरू बढाउन र रोजगारी सुरु गर्न सक्छन् जसले अमेरिकी अर्थतन्त्रलाई उत्पादन शक्तिका रूपमा पुनः सन्तुलन गर्न सक्छ भन्ने प्रशासनले विश्वास गरेको छ ।

तर अहिलेसम्म, कम्पनीहरू र उपभोक्ताहरू दुवैले नयाँ करहरूको प्रभावका लागि तयारी गरिरहेका बेला अमेरिकामा स्वयं-निर्मित घाउहरूका संकेतहरू देखाएका छन् । आँकडाले देखाएको कुरा भनेको अमेरिकी अर्थतन्त्र हो जुन अप्रिलमा ट्रम्पको भन्सारको प्रारम्भिक रोलआउटसँग परिवर्तन भयो । यो यस्तो घटना हो जसले बजार नाटक, वार्ता अवधि र बिहीबार आफ्ना विश्वव्यापी भन्सारहरू सुरु गर्ने ट्रम्पको अन्तिम निर्णयलाई निम्त्यायो ।

रोजगारी रोकिन थालेको, मुद्रास्फीतिको दबाब माथि उठेको र प्रमुख बजारहरूमा घरको मूल्य अप्रिलपछि गिरावट हुन थालेको आर्थिक रिपोर्टहरूले देखाएको डायनामिक इकोनोमिक स्ट्राटेजीका सिइओ जोन सिल्भियाले बताए ।

'कम उत्पादक अर्थतन्त्रका लागि कम कामदार चाहिन्छ,' सिल्भियाले एक विश्लेषण नोटमा भने, 'तर त्यहाँ अझ धेरै छ, उच्च भन्सार मूल्यहरूले कामदारहरूको वास्तविक ज्याला कम गर्दछ । अर्थतन्त्र कम उत्पादक भएको छ र कम्पनीहरूले पहिलेजस्तै वास्तविक ज्याला तिर्न सक्दैनन् । कार्यको परिणाम हुन्छ ।'

तैपनि, भन्सारहरूको अन्तिम परिवर्तनहरू अज्ञात छन् र वर्षौंमा नभई महिनौंमा खेल्न सक्छ । धेरै अर्थशास्त्रीहरू अमेरिकी अर्थतन्त्र तुरुन्तै पतन हुनुको सट्टा बिस्तारै क्षय हुने जोखिमा रहेको बताउँछन् । 'हामी सबै चाहन्छौं कि यो टेलिभिजनका लागि बनाइएको जहाँ यो विष्फोट हो- यो त्यस्तो होइन,' जर्जटाउन विश्वविद्यालयका प्रोफेसर ब्राड जेन्सनले भने, 'यो गियरहरूमा राम्रो बालुवा हुने छ र चीजहरूलाई सुस्त बनाउने छ ।'

ट्रम्पले निरन्तर व्यापार घाटा कम गर्ने तरिकाका रूपमा भन्सार शुल्कलाई बढावा दिएका छन् । तर आयातकर्ताहरूले कर लागू हुनुअघि नै थप सामानहरू आयात गरेर करबाट बच्न खोजे । नतिजाका रूपमा, वर्षको पहिलो छ महिनामा पाँच खर्ब ८२ अर्ब ७० करोड डलर व्यापार असन्तुलन सन् २०२४ को तुलनामा ३८ प्रतिशत बढी थियो । गत वर्षको तुलनामा कूल निर्माण खर्च २.९ प्रतिशतले घटेको छ र ट्रम्पले प्रतिज्ञा गरेका




कारखाना रोजगारीहरू अहिलेसम्म रोजगारी हानिमा परिणत भएको छ ।

बिहीबारसम्मको नेतृत्वले ट्रम्पको भन्सारहरूको अव्यवस्थित प्रकृतिलाई फिट गर्दछ, जुन विभिन्न रूपमा रोल आउट गरिएको छ, पछि हटेको छ, ढिलाइ भएको छ, बढेको छ, पत्रद्वारा लगाइएको छ र उन्मादपूर्वक पुनः सम्झौता गरिएको छ ।

प्रक्रिया यति अस्तव्यस्त भएको छ कि मुख्य व्यापारिक साझेदारहरूका अधिकारीहरू हप्ताको सुरुआतमा भन्सारहरू बिहीबार वा शुक्रबार सुरु हुन्छ कि भनेर अस्पष्ट थिए । अगस्ट १ देखि भन्सारहरूको सुरुआतलाई ढिलाइ गर्ने जुलाई ३१ को आदेशको भाषाले उच्च कर दरहरू सात दिनमा सुरु हुने छ भनेको छ ।

बुधबार बिहान ह्वाइट हाउस राष्ट्रिय आर्थिक परिषद्का निर्देशक केभिन हयासेटलाई नयाँ करहरू बिहीबार मध्यरातमा सुरु भयो कि भनेर सोधिएको थियो र उनले पत्रकारहरूले अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयमा जाँच गर्नुपर्ने बताए । गत बुधबार राष्ट्रपति ट्रम्पले रुसबाट आयात गरिने तेलमा २५ प्रतिशत अतिरिक्त कर लगाउने घोषणा गरेका थिए, जसको कूल आयात कर ५० प्रतिशत पुगेको थियो ।

भारतीय निर्यातकर्ताहरूको शीर्ष संस्थाले बिहीबार पछिल्लो अमेरिकी भन्सारले अमेरिकामा देशको बाहिरी ढुवानीको लगभग ५५ प्रतिशतलाई असर गर्ने र निर्यातकर्ताहरूलाई उनीहरूका लामो समयका ग्राहकहरू गुमाउन बाध्य पार्ने बताएको छ । 'यो अचानक बढेको लागतलाई अवशोषित गर्नु व्यावहारिक छैन । मार्जिन पहिले नै पातलो छ,' भारतीय निर्यात संगठन महासंघका अध्यक्ष एससी रल्हनले एक विज्ञप्तिमा भने ।

औषधि उत्पादनहरूमा आयात कर अझै आउँदै छ र ट्रम्पले कम्प्युटर चिपहरूमा १०० प्रतिशत भन्सार घोषणा गरे । यसले अमेरिकी अर्थतन्त्रलाई प्रभावको पर्खाइमा निलम्बित एनिमेसनको ठाउँमा छोड्न सक्छ । राष्ट्रपतिले भन्सार शुल्क लगाउन आर्थिक आपत्काल घोषणा गर्न सन् १९७७ को कानुनको प्रयोग पनि चुनौतीमा छ । न्यायाधीशहरूले अमेरिकी अपिल अदालतमा गत हप्ताको सुनुवाइबाट आसन्न निर्णयले ट्रम्पले आफ्नो अधिकार नाघे भने उनलाई अन्य कानुनी औचित्यहरू खोज्न बाध्य पार्न सक्ने बताएका छन् ।

ट्रम्पसँग आफ्नो पहिलो कार्यकालमा काम गरेका मानिसहरू अर्थतन्त्रका सबै कुरा सहजै चल्ने छ भन्नेमा शंका गर्दछन् । ट्रम्पका आलोचकका रूपमा देखा परेका पूर्वरिपब्लिकन हाउस स्पिकर पल रयानले यस्तो शंका व्यक्त गरेका छन् । 'राष्ट्रपतिले आफ्ना सनक, आफ्ना विचारहरूका आधारमा भन्सारहरू बढाउन चाहनुबाहेक यसका लागि कुनै प्रकारको तर्क छैन,' रयानले बुधबार सिएनबिसीलाई भने, 'मलाई लाग्छ अचम्मलाग्दो पानी अगाडि छ किनकि मलाई लाग्छ उनीहरूले केही कानुनी चुनौती सामना गर्नुपर्ने छ ।'

तैपनि, हालैको भन्सार नाटकको समयमा सेयरबजार बलियो रहेको छ । एसएन्डपी ५०० सूचकांक अप्रिलको न्यूनतम स्तरबाट २५ प्रतिशतभन्दा बढी बढेको छ । बजारको पुनरुत्थान र जुलाई ४ मा कानुनमा हस्ताक्षर गरिएका ट्रम्पका कर र खर्च उपायहरूमा आयकर कटौतीले ह्वाइट हाउसलाई आगामी महिनाहरूमा आर्थिक वृद्धि तीव्र हुने विश्वास दिएको छ । अहिलेसम्म, ट्रम्प अझै पनि आर्थिक उछालको पूर्वानुमान गर्छन् । यद्यपि, बाँकी विश्व र अमेरिकी मतदाताहरू चिन्तित भएर पर्खिरहेका छन् ।

'त्यहाँ एक व्यक्ति हुनुहुन्छ जो उहाँले सिर्जना गरिरहेको अनिश्चितताको बारेमा लापरवाह हुन सक्नुहुन्छ र त्यो डोनाल्ड ट्रम्प हुनुहुन्छ,' बाइडेन ह्वाइट हाउसमा श्रम नीतिमा काम गर्ने द सेन्चुरी फाउन्डेसनका वरिष्ठ फेलो रेचेल वेस्टले भने, 'बाँकी अमेरिकीहरूले त्यो अनिश्चितताको मूल्य पहिले नै तिरिरहेका छन् ।' *रासस/एपी*

---

## लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०४/२३**

यस सा व उ स वाट संकलन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँवाट सा. व. उ. स. मा फिर्ता भएको समेत साल गोलिया काठ ६९९.३७ क्यू फिट र साल दाउरा १ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**पारीपाखा सा. वन उपभोक्ता समूह, व्यास ७, तनहूँ**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/०३/११ मा दर्ता भएको **प्रा. लि. नं. ६३७८६** को **सिने क्रु एण्ड मिडिया प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०१/२४ मा दर्ता भएको **प्रा. लि. नं. २१४५३७** को **दिव्य आयुर्वेद प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०७/०३ मा दर्ता भएको **प्रा. लि. नं. २०२५८३** को **गेटवे इन्टरप्राइजेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०४/२३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १०१ को ९२४.०३ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**डाँफेबगेरी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ५, मकवानपुर**

---

## अशोक दुवाडीका नाममा १५ दिने सार्वजनिक सूचना

धादिङ जिल्ला ज्वालामुखी गाउँपालिका वडा नं. ४ का अशोक दुवाडी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध, सरस्वती नगरस्थित मेरो घरमा विगत एक वर्षदेखि कोठा भाडामा बस्दै आएको र गत चैत महिनादेखि भाडा नदिई सम्पर्कविहिन भएकाले आजको मितिले १५ दिन भित्रमा सम्पर्कमा आउनु भई बाँकी बक्यौता रकम चुक्ता गरी दिनुहोला । अन्यथा कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउने यसै सूचनाद्वारा सुचित गरिन्छ ।

घरधनी सितादेवी खड्का
काठमाडौं महानगरपालिका वडा नं. ६, बौद्ध, सरस्वती नगर

---


## कुवेतमा रोजगार
कम्पनी : NAQSA HAMAD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/२१ | LT. No. 328726 | चलानी नं. ६०२४२५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 0 | 120 | ५४.९६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COOK/CHEF | 2 | 0 | 180 | ८२.४४९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ३०गते (15th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

